**रिचर्ड बेनेट, उच्चायुक्तको कार्यालय–नेपालका प्रमुख**

मन्तव्य
मैना सुनुवारको मृत्युको वार्षिकी
२०६४ फागुन ५, संयुक्त राष्ट्रसङ्घ भवन, पुलचोक

सर्वप्रथम, आजको यो कार्यक्रम पत्रकार सम्मेलन मात्र नभई २०६० फागुन ५ गते तत्कालीन शाही नेपाली सेनाका हिरासतमा रहँदा मारिएकी १५–वर्षीया मैना सुनुवारको मृत्युको स्मरण गर्ने कार्यक्रम हो भन्ने म उल्लेख गर्न चाहन्छु। म उनका आमाबाबु [जो आज यहाँ उपस्थित हुनुहुन्छ], उनका अन्य परिवारजन, तथा उनका साथीहरूलाई उच्चायुक्तको कार्यालय–नेपालको तर्फबाट समवेदना प्रकट गर्न चाहन्छु।

म अब संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त लुइस आर्बरको एउटा वक्तव्य यहाँहरूलाई पढेर सुनाउँछु।...

...

मानवअधिकार उच्चायुक्तको वक्तव्य यति नै हो, तर यसमा म अरू दुईवटा कुरा थप्न चाहन्छु। पहिलो कुरा, जिल्ला अदालतमा अभियोगपत्र दर्ता भई चारजना आरोपित पीडकका नाममा समादेश जारी गरिएयता आफूले जोखिममा परेको महसुस गरेको जानकारी देवी सुनुवारले मेरो कार्यालयलाई गराउनुभएको छ। उहाँले यसबारे पछि थप कुरा भन्नुहुनेछ। तर, अरूको मानवअधिकारको संरक्षण गर्दा आफूलाई प्राय जोखिममा पार्ने सबै मानवअधिकार रक्षकहरूको संरक्षण गर्ने जिम्मेवारी सरकारमा रहेको छ भनेर म औंल्याउन चाहन्छु। उच्चायुक्तको कार्यालय–नेपालसँग मानवअधिकार रक्षकहरूको संरक्षण गर्न सक्दो काम गर्ने जिम्मेवारी पनि रहेको छ र युरोपेली सङ्घले हालै विश्वव्यापीरूपमा मानवअधिकार रक्षकहरूलाई मद्दत गर्न आफूले तयार पारेको मार्गनिर्देशनको प्रयोग गरेर त्यस्तै काम गर्ने प्रतिज्ञा गरेको छ। यो तथा अन्य घटनाका साक्षीहरूको संरक्षण गरिनु पनि उत्तिकै महत्त्वपूर्ण रहेको छ।

दुई हप्ताअघि नेपाल भ्रमण गर्नुभएकी मानवअधिकार उप–उच्चायुक्तसँग प्रधानसेनापतिले दोहऱ्याउनुभएको मानवअधिकारप्रतिको सेनाको प्रतिबद्धताको मेरो कार्यालयले स्वागत गर्दछ। मैना सुनुवारको घटनामा पूर्णरूपमा सहयोग गर्नु त्यो प्रतिबद्धता प्रदर्शन गर्न थाल्ने राम्रो उपाय हुनेछ भन्ने उच्चायुक्तको कार्यालय–नेपाल ठान्दछ। अन्ततः हाइटीमा संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापनाकर्ताका रूपमा कार्यरत १,१०० नेपाली सिपाहीहरू गत हप्ता शान्ति स्थापना पदकबाट सम्मानित भएको कुरालाई मैले ध्यानमा लिएको छु। विदेशमा त्यस्तो सेवामार्फत् सेनाद्वारा आर्जित सकारात्मक छविमा स्वदेशमा हुने जवाफदेहितालाई रोक्ने कार्यले धब्बा लगायो भने त्यो दुःखपूर्ण हुनेछ।